# हरिनगरा गाउँपालिका

# आर्थिक ऐन- २०७४

## गाउँसभाबाट स्विकृत मिति

## २०७४/०५/१२

**प्रमाणिकरण २०७४/५/१३**

# हरिनगरा गाउँपालिका

## हरिनगरा गाउँपालिकाको अर्थ सम्वन्धि प्रस्तावलाई कार्यान्वयन गर्न वनेको ऐन

प्रस्तावना :

हरिनगरा गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्वन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनिय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम हरिनगरा गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम हरिनगरा गाउँपालिकाको आर्थिक ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि हरिनगरा गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **सम्पत्ति कर** : हरिनगरा गाउँपालिका क्षेत्र भित्र अनुसुची (१) बमोजिम एकिकृत सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ ।

३. **भुमी कर (मालपोत)** : गाउँपालिका क्षेत्र भित्र अनुसुची (२) बमोजिम भुमी कर(मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

४. **घर बहाल कर** : गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसुची (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ ।

५. **व्यवसाय कर** : गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसुची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६. **जडिवुटी, कवाडी र जीवजन्तु कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिवुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत कर लगाइने र असुल उपर गरिनेछ । यस दफामा उल्लेखित कर योग्य वस्तुहरुको गाउँपालिका क्षेत्र भित्र उपलब्धता र कारोवारको अध्ययन गरि आगामी गाउँसभावाट कर दरवन्दी निर्धारण गरिनेछ ।

७. **सवारी साधन कर** : गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसुची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्विकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. **विज्ञापन कर** : गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसुची (७) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्विकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. **मनोरञ्जन कर :** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसुची (८) बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्विकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१०. **बहाल विटौरी शुल्क :** गाउँपालिका क्षेत्र भित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसुची (९) मा उल्लेख भए अनुसार हाटवजार वा पशलमा सोही अनुसुचीमा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क :** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलव्ध गराए वापत लिइने शुल्कका सम्वन्धमा सम्भाव्यता अध्ययन गरि आगामी गाउँसभावाट शुल्कको दररेट निर्धारण गरिनेछ ।

१२. **ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र ऱ्याफ्टिङ शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र ऱ्याफ्टिङ सेवा वा व्यवसाय संचालन गरेवापत लगाइने शुल्कका सम्वन्धमा उल्लेखित सेवा वा व्यवसाय गाउँपालिका क्षेत्र भित्र संचालन भएमा गाउँसभावाट कर दरवन्दी निर्धारण गरि यो शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुर :** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसुची (१२) मा उल्लेखित स्थानीय पुर्वाधार र उपलव्ध गराइएको सेवामा सेवाग्राहीवाट सोहि अनुसुचीमा व्यवस्था भए बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट आगामी गाउँसभाले निर्धारण गरेको दरमा पर्यटन शुल्क लगाउने र असुल उपर गर्नेछ ।

१५. **कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै किषिमको कर छुट दिइने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**अनुसुची-२**
(ऐनको दफा ३ संग सम्वन्धित)

**भूमिकर(मालपोत) को दर रेट**

| **विवरण** | **न्युनतम** |
|---|---|
| ३ कट्ठा सम्म | ५०।- |
| ३ कट्ठा देखी माथी | प्रति कट्ठा रु. १०।- |

अनुसुची - २(क)
**मालपोत विलम्व शुल्क**

| **विवरण** | **विलम्व शुल्क** |
|---|---|
| १ वर्ष सम्म विलम्व भएको | ५ प्रतिशत |
| १ बर्ष भन्दा माथी २ वर्ष सम्म | १० प्रतिशत |
| २ बर्ष भन्दा माथी ५ बर्ष सम्म | २० प्रतिशत |
| ५ बर्ष भन्दा माथी अवधिको | ५० प्रतिशत |

अनुसुची - २(ख)
**घर जग्गा कर :-**

| **सि.नं.** | **विवरण** | **करकोदर रु.** |
|---|---|---|
| क. | फुसको छाना भएको | २०।- |
| ख. | टिनको छाना भएको | ३०।- |
| ग. | RCC एक तल्ला | ५०।- |
| घ. | RCC दुई तल्ला | ७५।- |
| ङ. | RCC तीन तल्ला र सो भन्दा माथी | १५०।- |

अनुसुची - ३
(ऐनको दफा ४ संग सम्वन्धित)
घर बहाल कर

| |
|---|
| गाउँपालिका क्षेत्र भित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा वहालमा दिएकोमा सम्वन्धित धनीवाट बहाल रकमको २ (दुई) प्रतिशत रकम वहाल कर गाउँपालिकालाई वुझाउनु पर्नेछ। |

अनुसुची ४
(ऐनको दफा ५ संग सम्वन्धित)

व्यवसाय करको दररेट

| क.सं. | **व्यवसायको किसिम** | व्यवसाय कर | कैफियत |
|---|---|---|---|
| ०१. | **व्यापारिक वस्तुहरु :-** | | |

| | | | |
|---|---|---|---|
| १ क | चुरोट, बिंडीको डिलरसिप लिएको थोक विक्रेता | ३,०००।- | |
| १/१ क | सुर्ति प्याकिङ्ग गर्ने उद्योग | ३,०००।- | |
| १/१ क | पान मसाला तथा गुटखा उद्योग | ३,०००।- | |
| १/१ क | पान, पान मसाला,गुटखा,पान पराग तथा सुर्ति जन्य पदार्थ बिक्रेता | १५००।- | |
| १/१ क | उत्पादकवाट डिलरसिप लिएको मदीरा, वियरको थोक विक्रेता | ३०००।- | |
| १/१ क | मदीरा, वियरको थोक विक्रेता (सव डिलर लिएको ) | २,५००।- | |
| १/१ क | मदिरा वियरको खुद्रा विक्रेता | १५००।- | |
| | कोल्ड ड्रिङस्को डिलरसिप लिएको थोक विक्रेता | १५००।- | |
| १/१ ख | मदीरा, वियर, कोल्ड ड्रिक्स खाना, खाजा र लज सहित भएका होटल | २५००।- | |
| १/१ ख | मदीरा, वियर, कोल्ड ड्रिक्स खाना र खाजा विक्री गर्ने होटल | १५००।- | |
| १/१ ख | मदीरा, वियर, कोल्ड ड्रिक्स र खाजा विक्री गर्ने होटल | १०००। | |
| १/१ ख | चिया, नास्ता, मिठाइ बेच्ने होटल | ७००।- | |
| १/१ ग | सुन, चांदी एवं सो को गहना बनाई विक्री गर्ने कालीगढी पसल | १५००।- | |
| १/२ क | **निर्माण सामाग्रीहरु** | | |
| १/२ क | भ्याटमा दर्ता भएका हार्डवेयर पसल | २०००।- | |
| १/२ क | भ्याटमा दर्ता नभएका हार्डवेयर पसल | १,५००।- | |
| १/२ ख | कम्प्यूटर, प्रिन्टर, फोटोकपी लगायत सो सम्वन्धी सामान विक्री गर्ने पसल (क) | १५००।- | |
| १/२ ख | टेलिभिजन, मोवाइल, फ्रिज, टेलिफोन, पंखा, आईन, घडी, केमरा तथा इलेक्ट्रोनिक सामानहरुको डिलर सहितका विक्रेता पसलहरु (क) | २५००।- | |
| १/२ ख | टेलिभिजन, मोवाइल, फ्रिज, टेलिफोन, पंखा, आईन, घडी, केमरा तथा इलेक्टोनिक सामानहरुको विक्रेता पसल | १५००।- | |
| १/२ ख | विजुलीका सामानहरु मात्र विक्री गर्ने पसल | १,०००।- | |
| १/२ ख | रेडियो, घडी, टेप रेकर्डर मर्मत गर्ने पसल | ७००।- | |
| १/२ ग | पेट्रोलियम पदार्थ विक्रेता | ५०००।- | |
| १/३ क | **दैनिक उपभोग्य पदार्थ विक्रेता** | | |
| १/३ क | किराना पसल | १,५००।- | |
| १/३ क | किराना पसल साधारन ( गुम्ती कठघरा समेत) | ७००।- | |
| १/३ क | काँटा राखी खरिद विक्री गर्ने | २५००।- | |
| १/३ क | कपडा पसल | १५००।- | |
| १/३ क | रेडिमेट कपडा पसल | १५००।- | |
| १/४ | **सवारी साधन बिक्रेता** | ५०००।- | |
| १/४ क | जिप,कार लगायत अन्य सवारी विक्रेता | ५०००।- | |
| १/४ क | ट्र्याक्टर विक्रेता | ४०००।- | |
| १/४ क | मोटरसाइकल तथा स्कुटर र सो सम्वन्धी पार्टहरु विक्री गर्ने पसल | ३०००।- | |
| १/४ क | इ- रिक्सा तथा सो सम्बन्धि पार्टस वेच्ने पसल | २०००।- | |
| १/४ क | रिक्सा, साइकल तथा सो सम्बन्धि पार्टस वेच्ने पसल | १०००।- | |
| १/४ क | मोटर साइकल मर्मत गर्ने पसल | ७००।- | |
| १/४ क | रिक्सा, साइकल मर्मत गर्ने पसल | ५००।- | |
| ०२. | **विषेशज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा** | | |
| २/१ | चिकित्सक | २,५००।- | |
| २/२ | कविराज | २,०००।- | |
| २/३ | इन्जीनियर | २,५००।- | |
| २/४ | कानूनी व्यवसाय | २,५००।- | |

| | | | |
|---|---|---|---|
| २/५ | लेखापरिक्षक | २,५००।- | |
| २/६ | दन्त चिकित्सक | २,०००।- | |
| २/७ | अनुसन्धानकर्ता तथा परामर्शदाता | २,०००।- | |
| २/८ | कम्प्युटर एनालिसट तथा प्रोग्रामर | २,०००।- | |
| २/९ | विमा ऐजेन्ट | २,०००।- | |
| २/१० | सर्भेयर | २,०००।- | |
| २/११ | अनुवादक | २,०००।- | |
| २/१२ | पशुचिकित्सक | २,०००।- | |
| २/१३ | शेयर दलाल | २,०००।- | |
| २/१४ | सामान ढुवानीकर्ता तथा कम्पनी | २,५००।- | |
| २/१५ | संस्थागत पेन्टर | २,०००।- | |
| २/१६ | कन्सलटेन्सी | २०००।- | |
| ०३. | **निर्माण व्यवसाय** | | |
| ३/१ | "क" श्रेणीका निर्माण व्यवसायलाई | ५,०००।- | |
| ३/१ | "ख" श्रेणीका निर्माण व्यवसायलाई | ४,०००।- | |
| ३/१ | "ग" श्रेणीका निर्माण व्यवसायलाई | ३,०००।- | |
| ३/१ | "घ" श्रेणीका निर्माण व्यवसायलाई | २०००।- | |
| ०५. | **उर्जामुलक उद्योग** | | |
| ५/१ | जलश्रोत, वायु, सैर्यशक्ति, कोइला, प्राकृर्ति तेल, ग्यास, वायु ग्यास तथा अन्य श्रोतहरुवाट उर्चा पैदा गर्ने उद्योग व्यवसायमा | २,०००।- | |
| ०६. | **कृषि तथा वन जन्य उद्योग** | | |
| ६/१ | कुटानी पिसानी गर्ने मिल | २,०००।- | |
| ६/२ | कुटानी मात्र गर्ने वा पिसानी मात्र गर्ने मिल | १०००।- | |
| ६/४ | प्लाइउड उद्योग | ३,०००।- | |
| ६/५ | स-मिल काष्ट उद्योग | ३,५००।- | |
| ६/६ | भेनियर | २,५००।- | |
| ६/७ | च्यूरा मूरही उद्योग घरेलु तथा साना उद्योग | २०००।- | |
| ६/८ | च्यूरा उद्योग घरेलु तथा साना उद्योग | २,०००।- | |
| ६/९ | मूरही उद्योग घरेलु तथा साना उद्योग | २०००।- | |
| ६/१० | कुटानी, पिसानी, पेलानी मिल घरेलु तथा साना उद्योग (क) | २,०००।- | |
| ६/१० | कुटानी, पिसानी, पेलानी मिल घरेलु तथा साना उद्योग (ख) | १,०००।- | |
| ६/११ | कुटानी, पिसानी मिल घरेलु तथा साना उद्योग | १,५००।- | |
| ६/१२ | च्युरा कुट्ने मिल घरेलु तथा साना उद्योग | १,५००।- | |
| ६/१३ | मसाला, दाल घरेलु तथा साना उद्योग | १,०००।- | |
| ६/१४ | चिजबल तथा स्न्याक्स उत्पादन गर्ने घरेलु तथा साना उद्योग | १,०००।- | |
| ६/१५ | जुस उत्पादन घरेलु तथा साना उद्योग | १,०००।- | |
| ६/१६ | काँपी घरेलु तथा साना उद्योग | १,०००।- | |
| ६/१७ | डेरी घरेलु तथा साना उद्योग | १,५००।- | |
| ६/१८ | पशुपालन उद्योग | १५००।- | |
| ६/१९ | कुखरा पालन (पोल्ट्री फर्म) उद्योग | १,५००।- | |
| ०७. | **खनिज उद्योग** | | |
| ०७.१ | खनिज उत्खन्न वा प्रशोधन गर्ने उद्योग व्यवसायमा | ५,०००।- | |
| ०८. | **पर्यटन उद्योग** | | |
| ८/१ | अथिति सदन, सेवा सदन (आवाश,बिबाह कार्यक्रम गर्ने व्यवस्था भएका) | ३,०००।- | |
| **०९.** | **सेवा उद्योग** | | |
| ९/१ | अपसेट प्रेस फल्याक्स प्रिन्ट समेत भएकालाई | २,५००।- | |

| | | | |
|---|---|---|---|
| ९/१ | अपसेट प्रेस भएकालाई | १,५००।- | |
| ९/१ | ट्रेडल मसिन भएकालाई | १०००।- | |
| ९/१ | स्क्रीन प्रिन्ट तथा स्टयाम्प वनाउने लाई | ७५०।- | |
| ९/१ | डिजीटल फोटो कलर ल्याव | २५००।- | |
| ९/१ | फोटो स्टुडियो,भिडियो ग्राफि,मिक्सीङ्ग ल्याभ समेत | १,०००।- | |
| ९/१ | चलचित्र घरमा | १,५००।- | |
| ९/१ | जादु, सर्कस, थिएटर, संगित तथा मनोरंजनहल प्रति दिन | १०००।- | |
| ९/१ | वैण्डवाजा | ८००।- | |
| ९/१ | टेन्ट हाउस र विजुली डेकोरेशन | १,०००।- | |
| **१०.** | **निर्माण उद्योग** | | |
| १०/१ | सडक, पुल, रोपवे, ट्रलीवस, टनेल, फल्याईङ्ग वृज तथा औद्योगीक, व्यापारीक एवं आवास कम्पलेक्स आदि निर्माण गरी संचालन गर्ने उद्योग व्यवसायहरुमा | | |
| | क. वग | १००००।- | |
| | ख. वर्ग | ७०००।- | |
| | ग. वर्ग | ५०००।- | |
| | घ वर्ग | ३०००।- | |
| **११.** | **संचार उद्योग** | | |
| ११/१ | संचार कम्पनीले मोवाईल टावर राखि सेवा संचालन गर्दा प्रति टाबरमा | ३,०००।- | |
| ११/२ | मोवाईल कम्पनीको कार्यालयलाई | ५,०००।- | |
| ११/३ | स्थानीय एफ.एम. रेडियो संचालनमा | १,०००।- | |
| ११/४ | टेलिफोन, फ्याक्स, फोटोकपी, लेमिनेशन, स्पाइरल वाइण्डीङ्ग | १०००।- | |
| ११/५ | इन्टरनेट, इमेल समेत भएका (साइवर क्याफे) | १०००।- | |
| ११/६ | इन्टरनेट सर्भिस प्रोभाइडरलाई | २०००।- | |
| ११/७ | कुरियर सेवा | ५००।- | |
| **१२.** | **वित्तिय सेवा** | | |
| १२/१ | नेपाल सरकारको स्वामित्व नरहेका वाणिज्य बैंक | ५०००।- | |
| १२/२ | आर्थिक कारोवार गर्ने वित्तिय कम्पनीको शाखा कार्यालयमा | ३,०००।- | |
| १२/३ | बीमा कम्पनीको कारोबारमा | ५,०००।- | |
| १२/४ | ऋण तथा बचत सहकारीमा | २५००।- | |
| १२/६ | मनि ट्रान्सफर ट्रान्सफर कारोबारमा | १५००।- | |
| १२/७ | विदेशी मुद्रा सटही | ३,०००।- | |
| **१३.** | **स्वास्थ्य सेवा** | | |
| १३/१ | नर्सिङ्ग होम तथा अस्पताल सरकारी बाहेक | ५०००।- | |
| १३/२ | क्लीनिक | २०००।- | |
| १३/३ | ल्याव (दिशा, पिसाव, विर्य र रगत आदी जाच्ने र एक्सरे समेत) | २,०००।- | |
| १३/४ | दन्त क्लीनिक | २०००।- | |
| **१४.** | **शिक्षा सेवा** | | |
| १४/१ | आधारभुत स्तरका निजी विद्यालय | ३०००।- | |
| १४/१ | मा.वि. स्तरका निजी विद्यालय | ५०००।- | |
| १४/१ | सिभिल इन्जिनियर, ओभरसियर निजी स्तरका | २,५००।- | |
| १४/२ | सव-ओ.सि.,अमिन,अनमी, अहेव. आदी निजी स्तरका | २,५००।- | |
| १४/२ | स्टाप नर्स आदि निजी स्तरको | २५००।- | |
| १४/२ | ड्राईभिङ्ग प्रशिक्षण केन्द्र | १,५००।- | |
| १४/२ | कम्प्यूटर, भाषा प्रशिक्षण केन्द्र | १,५००।- | |
| **१६.** | **अन्य सेवा** | | |
| १६/१ | नर्सरी (फलफूलका विरुवा विक्री वितरण गर्ने) | ५००।- | |
| १६/१ | ब्युटी पार्लर | १०००।- | |

| | | | |
|---|---|---|---|
| १६/१ | स्थायी रुपमा खसीको मासु वेच्ने पसल | १२००।- | |
| १६/१ | कुखराको मासु वेच्ने पसल | १०००।- | |
| १६/१ | धातुको भाडा वर्तन पसल | १,५००।- | |
| १६/१ | स्टील दराज (बाकस तथा ड्रम बनाउने समेत) तयार गरी विक्री वितरण गर्ने उद्योग | २०००।- | |
| १६/१ | स्टील दराज बाकस तथा ड्रम समेत विक्री वितरण गर्ने पसल | १५००।- | |
| १६/१ | काठको फर्निचर तयार गरी विक्री वितरण गर्ने | ३,०००।- | |
| १६/१ | लुगा सिलाई सम्बन्धि सामान वेच्ने पसल | १,०००।- | |
| १६/१ | गिफ्ट, सजावट तथा कस्मेटिक सामान वेच्ने पसल | १,०००।- | |
| १६/१ | सजाबट तथा अन्य सामान वेच्ने पसल | १,०००।- | |
| १६/१ | केवूल, नेटवर्किङ्ग | ३०००।- | |
| १६/१ | स्थायी माछा पसल | १०००।- | |
| **१७.** | **अन्य व्यवसाय** | | |
| १७/१ | ईटा उद्योग | ५,०००।- | |
| १७/१ | सिमेन्ट क्रंक्रिट इटा, खांमा भेन्टीलेसन टायल उद्योग | ३,०००।- | |
| १७/१ | क्रंक्रिट हयूम पाईप, तथा सिमेन्ट पोल बनाउने उद्योग | ५,०००।- | |
| १७/१ | इन्जीनियरीगं तथा मेकानीकल वर्क संप (ट्रयाक्टरको ट्रली,थ्रेसर बनाउने कार्य समेत) | ३०००।- | |
| १७/१ | व्यवसायीक अगरवती उद्योग | ७५०।- | |
| १७/१ | ग्रिल, सटर बनाउने उद्योग | २०००।- | |
| १७/१ | दालमोट, भुजिया, पापड, भुजा उद्योग | १०००।- | |
| १७/१ | फलपूल,तरकारी पसल स्थायी रुपमा विक्री गर्ने | १५००।- | |
| १७/१ | जुता चप्पलको थोक विक्रेता | १५००।- | |
| १७/१ | स्टेशनरी तथा पुस्तक पसल | १,५००।- | |
| १७/१ | चस्मा विक्री पसल | १,०००।- | |
| १७/१ | अण्डाको थोक विक्रेता | १,०००।- | |
| १७/१ | अण्डा वेच्ने पसल | ५००।- | |
| १७/१ | व्याग वनाएर वेच्ने पसल | १,०००।- | |
| १७/१ | टायर रिसोलिङ्ग, टायर टुयव मर्मत र हावा भर्ने | १,०००।- | |
| १७/१ | व्याट्री मर्मत तथा इलेक्ट्रीक मेसिन राखि व्याट्री चार्ज लगायत अन्य काम गर्ने | १,०००।- | |
| १७/१ | साईन वोर्ड पेन्ट, वालपेन्ट, होर्डिङ्ग वोर्ड, नम्वर प्लेट लेख्ने | १,०००।- | |
| १७/१ | वरफ उद्योग (आइसक्रिम उत्पादन गर्ने समेत) | १,५००।- | |
| १७/१ | हेयर कटिङ्ग गर्ने सैलुन | १०००।- | |
| १७/१ | पाउरोटी उद्योग | १,०००।- | |
| १७/१ | कवाडी सामान खरिद बिक्री | ३,०००।- | |
| १७/१ | टेलरिङ्ग सेवा | ७५०।- | |
| १७/१ | आलु, प्याज, खुर्सानी, लसुन को थोक विक्रेता ( गद्दी) | १,०००।- | |
| १७/१ | खुर्सानी, लसुन हर्दि थोक विक्रेता | १,५००।- | |
| १८ | औषधी पसल | ३,०००।- | |
| १९ | पशु औषधी पसल | १,५००।- | |
| २० | मल खाद, विउ विजन एवं किटनाशंक विक्री गर्ने पसल | १,५००।- | |
| २१ | व्यवसायीक मैनवती उद्योग | १,०००।- | |
| २२ | सर्फ उद्योग | ५,०००।- | |
| २३ | सावुन उद्योग | ५,०००।- | |
| २४ | पानी उद्योग | २,०००।- | |
| २५ | फलाम पिटी कृषि तथा घरेलु औजार तयार गरी विक्री गर्ने पसल | १५००।- | |
| २६ | उद्योग तथा कम्पनीको एजेन्सी (अधिकृत बिक्रेता) कारोवार गर्ने | २,०००।- | |

| | |
|---|---|
| | गाउँ कार्यपालिका वैठकले माथिको वर्गीकरणमा समावेश नभएका सेवा, व्यवसायको कारोवार र स्तर हेरी वार्षिक रु. ५००।- देखि ५,०००।- सम्म कर दरवन्दी कायम गरि कर संकलन गर्न सक्नेछ। यसरी तय गरिएको कर दरवन्दी गाँउसभाको अधिवेशनमा स्विकृतिका लागि पेश गर्नु पर्नेछ। |

अनुसुची - ४(क)

## फुटकर व्यवसाय कर (हाट वजार) को दर रेट

| सि.नं. | विवरण | रुपैया |
|---|---|---|
| ०१ | हाटमा फिजाई कपडा पसल गर्ने ठुलो | २०।- |
| ०२ | कपडा पसल सानो | १०।- |
| ०३ | हाटमा रेडिमेट( विदेशी कपडा समेत बेच्ने) पसल | २०।- |
| ०४ | रेडिमेट कपडा ( सुती कपडा, गंजी आदि) वेच्ने पसल | १०।- |
| ०५ | किराना पसल - चिनी,दाल, जिरा, मटर, दाल, चियारङ, साबुन, सलाई आदि बेच्ने) ठुलो | २५।- |
| ०६ | किराना पसल सानो -(दाल जन्य बस्त' मात्र विक्री गर्ने पसल) | १५।- |
| ०७ | किताव पसल | १०।- |
| ०८ | चिया र मिठाई, प्याजी, ढुङग्री वेच्ने पसल | १०।- |
| ०९ | चिया पसल | १०।- |
| १० | थोक सब्जी बिक्रेता | २०।- |
| ११ | खुद्रा सब्जी विक्रेता | १०।- |
| १२ | पल्ला वाट खाद्धान खरिद विक्री | २०।- |
| १३ | जुत्ता चप्पल विक्री पसल | १५।- |
| १४ | नरिवल, आँप, लिचि,आदि विरुवा बेच्ने पसल | १०।- |
| १५ | माछा काटी बेच्ने पसल | १०।- |
| १६ | सिद्रा बेच्ने पसल | ५।- |
| १७ | खसी को मासु बेच्ने पसल | ३०।- |
| १८ | कुखुराको मासु बेच्ने पसल | १०।- |
| १९ | राँगा वंगुर र सुगुरको मासु वेच्ने पसल | २०।- |
| २० | हाट बजारमा काँटा राखी खरिद विक्री गर्नेलाई | २५।- |
| २१ | पान चुरोट विक्री गर्ने पसल | ५।- |
| २२ | जुत्ता, चप्पल, लाइटर र छाता मर्मत गर्ने पसल | ५।- |
| २३ | दही बेच्नेलाई | ५।- |
| २४ | चामल बेच्ने पसल | १०।- |
| २५ | लोहाको सामान बेच्ने पसल | १५।- |
| २६ | लुगा सिलाउने पसल | ५।- |
| २७ | भाँडा कुडा( स्टिल, सिल्भर र झर्काको) बेच्ने पसल | १५।- |
| २८ | विस्कुट सावुन पसल | ५।- |
| २९ | चना, चटपटे, छोला, पसल | २५।- |
| ३० | च्युरा र मुरही पसल | ५।- |
| ३१ | हाँस कुखुरा बेच्ने संग प्रति गोटा | २।- |
| ३२ | परेवा बेच्ने संग प्रति जोडा | २।- |
| ३३ | डोको नाम्लो कुचो पसल | २०।- |
| ३४ | माटोको भाँडा पसल | १०।- |
| ३५ | बाँस विक्री प्रति गोटा | ५।- |
| ३६ | हाटमा फिंजाई श्रृंगारका सामान विक्री गर्ने पसल | २०।- |
| ३७ | चुरा टिका मात्र बेच्ने साना व्यापारीलाई | १०।- |
| ३८ | फाटा कम्पनीको कपडा विक्री गर्ने पसल | १०।- |

| | | |
|---|---|---|
| ३९ | आलुको बिउ बिक्री गर्ने लाई | ५०।- |
| ४० | बजारमा नियमित फलफुल बेच्ने पसल | २५।- |
| ४१ | हाटको दिन मात्र फलफुल बेच्नेलाई | १०। |
| ४२ | गहुँको विउ १ बोरा भन्दा बढी विक्री गर्नेलाई | १५।- |
| ४३ | गहुँको विउ १ बोरा भन्दा कम विक्री गर्नेलाई | ५।- |
| ४४ | कुखुरा खरिद गरि लानेलाई प्रति गोटा | २।- |
| ४५ | चुर, कागज र सुर्ती पसल | ५।- |
| ४६ | प्रचार प्रसार गरि दवाई सावुन बेच्नेलाई | ५०।- |
| ४७ | प्लाष्टिकको भाँडा बर्तन खेलौना विक्री गर्ने पसल | २५।( |
| ४८ | जुटवाट निर्मित भ्ल्ला विक्री गर्ने लाई | ५।- |
| ४९ | घडी रेडियो आदि इलेक्ट्रोनिक्स सामान विक्री गर्नेलाई | २५।- |
| ५० | माछा निकासी प्रति के.जी. | ५।- |
| ५१ | लोकल माछा बेच्ने संग | ५।- |
| ५२ | बजारमा बसी कपाल काटने हजाम | ५।- |

**द्रष्टव्य** :-

(क) माथी उल्लेख हुन छुट भएका अन्य सामाग्रीहरुको हकमा व्यापारको प्रकृति हेरी गाउपालिकासंगको समन्वयमा रु. ५।- देखी रु. २५।- सम्म शुल्क लगाउन सिफारिश गरिएको छ ।

अनुसुची - ४(ख)

घुम्ती व्यवसाय करको दर रेट

| सि.नं. | माल वस्तुको विवरण | इकाई | दर |
|---|---|---|---|
| १ | धान, गहुँ, चामल,आँटा, मैदा, मकै, पटुवा, तेलहन, दलहन, भुजा | प्रति मन | २।०० |
| २ | ठुलो चौपाया(गाई,गोरु,भैंसी,राँगा आदी ) | प्रति गोटा | रु. १०।०० |
| ३ | सानो चौपाया ( वाखा, खसी, भेडा,सुंगुर आदी) | प्रति गोटा | रु. ५।०० |
| ४ | हांस,कुखुरा लगायत पंक्षीहरु | प्रति गोटा | रु. २।०० |
| ५ | खाली ड्राम | प्रति गोटा | रु. ५।०० |
| ६ | खाली टिन | प्रति गोटा | रु. १।०० |
| ७ | भन्सारवाट आएको सामान प्रज्ञापन पत्रको आधारमा | | १ प्रतिशत |

नोट : माथी उल्लेख हुन छुट भएका सामाग्रीको हकमा गाउं कार्यपालिकाको निर्णयानुसार रु. २ देखी रु. १०। सम्म कायम गरिनेछ ।

**अनुसुची - ६**

(ऐनको दफा ७ संग सम्वन्धित)

**वार्षिक सवारी साधन करको दररेट**

| सि.नं. | सवारीको किसिम | बार्षिक सवारी करको दररेट |
|---|---|---|
| १ | बस, ट्रक, लरी र अन्य हेभि गाडी | २०००।- |
| २ | भाडाको कार, जिप, टेम्पो,म्याजिक | १०००।- |
| ३ | व्यापारिक प्रयोजनमा प्रयोग गरिएको ट्र्याक्टर | ३०००।- |
| ४ | मिनी वस र मिनि ट्रक, पिकप | १५००।- |
| ५ | भाडाको इ-रिक्सा | ७००।- |
| ६ | निजी कार, जिप | ५००।- |

## अनुसुची - ६(क)

### पटके सवारी साधन करको दररेट

| सि.नं. | सवारीको किसिम | पटके सवारीको दर | |
|---|---|---|---|
| | | नेपाली नं. | भारतीय नं. |
| ०१. | ट्रान्सप्रोटर तथा १० चक्का माथीका ट्रक, ट्रिपर, टंकलरीमा | ५०।- | २००।- |
| ०२. | ६ चक्का देखि १० चक्का सम्मका ट्रक, ट्रिपर, टंकलरीमा | ४०।- | १६०।- |
| ०३. | बस, ट्रक र टंकलरी | २०।- | १००।- |
| ०४. | मिनी बस तथा मिनि ट्रक | १५०।- | १००।- |
| ०५. | ट्रयाक्टर (व्यापारिक प्रयोजन) | २५।- | १००।- |
| ०६. | जिप, कार, मारुती भाडाको | १५।- | ५०।- |
| ०७. | जिप, कार मारुती निजी | ०।०० | २०।- |
| ०८. | टेम्पो, म्याजिक, माईक्रो, पिकअप र ई-रिक्सा | १०।- | २०।- |

अनुसुची- ७
(ऐनको दफा ८ संग सम्वन्धित)
विज्ञापन कर :

| क.सं. | **व्यवसायको किसिम** | करको दर | कैफियत |
|---|---|---|---|
| १ | होर्डिङ वोर्ड स्विकृति दस्तुर प्रति वर्ग फिट ( विज्ञापन समावेश नभएको ) | १५।- | |
| २ | सुर्ति र मदिराजन्य वाहेकको विज्ञापनमा प्रति वर्ग फिट | ३०।- | |
| | | | |

अनुसची - ८
(ऐनको दफा ९ संग सम्वन्धित)
मनोरञ्जन कर

| क.सं. | **व्यवसायको किसिम** | करको दर | कैफियत |
|---|---|---|---|
| १ | सिनेमाहल, भिडियोहल, साँस्कृतिक प्रर्दशन हल, थियटर संगीत, पुरातात्विक महत्वका सम्पदाको प्रवेश शुल्कमा | २.५ प्रतिशत | |
| २ | जादु, सर्कस, इलेक्ट्रोनिक पिङ प्रति दिन | ३०० ।- | |
| | | | |

अनुसची - ९
(ऐनको दफा १० संग सम्वन्धित)
वहाल विटौरी शुल्क

| क.सं. | **विवरण** | मासिक भाडा दर | कैफियत |
|---|---|---|---|
| **हरिनगरा सपिङ कम्प्लेक्स** | | | |
| | कोठा नं. १, २,३, ६, ७ , ८ | ११५५।- | |
| | कोठा नं. ४ र ५ | १५१२।- | |
| **भुटाहाका सर्टरहरु** | | | |
| | | | |
| | | | |
| **घुस्कीको सार्वजनिक जग्गा** | | | |

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |

## अनुसुची -१३

## सेवा प्रबाहमा लगाइएको दस्तुर तथा शुल्क को दर रेट

| सिं न. | सेबाको किसिम | | रकम रु. |
|---|---|---|---|
| १ | निवेदनमा टिकट वापत | | १०।- |
| २ | स्थलगत सरजमीन | | २००। |
| ३ | नक्कल दस्तुर प्रति पाना | | रु ३।- |
| ४ | हरेक निबेदन दर्ता शुल्क प्रतिगोटा | | १० ।- |
| ५ | व्यवसाय दर्ता निवेदन शुल्क | | १००।- |
| ६ | साँध सीमाना(चार किल्ला) प्रमाािणत | | २००।- |
| ७ | मोही नाम सारी सिफारिस | | एक विघा सम्म रु.५००।- सो भन्दा वढी भएमा रु. १०००।- |
| ८ | नागरिकता प्रमाणपत्र सिफारिस | | ११० ।- |
| | सरजमीन गर्न परेमा | | थप रु २००।- |
| ९ | जग्गा नामसारी सिफारिस | | एक विघा सम्म रु.५००।- सो भन्दा वढी भएमा रु. १०००।- |
| १० | धनीपुर्जा हराएको सिफारिश | | १५०।- |
| ११ | नाम थर जन्ममिति संशोधन सिफारिश | | १५० ।- |
| १२ | घर सार काठ सिफारिश | | १५० ।- |
| १३ | निजी जग्गाको रुख कटानका लागि जिल्ला वन कार्यालयमा सिफरिश | | ५००।- |
| १४ | पालन पोषणको सिफारिश | | निशुल्क |
| १५ | व्यापार व्यवसाय वन्द भएको, संचालन नभएको वा व्यापार व्यवसाय हुदै नभएको सिफारिश | | ५००।- |
| १६ | घरायसी कागज र मन्जुरीनामा प्रमाणित | | थैलीको २ (दुई) प्रतिशत |
| १७ | पुर्जामा घर कायम गर्न सिफारिश( आर.सि.सि.) | | ५ लाख सम्म मुल्य भएको रु. १०००।- , ५ लाख देखी २० लाख सम्म रु. १५००।- र २० लाख भन्दा माथी रु. २०००।- |
| १८ | पुर्जामा घर कायम गर्न सिफारिश (कच्ची) | | ३०० ।- |
| १९ | जग्गाको हकभोग सिफारिश | | ५००।- |
| २० | छुट जग्गा दर्ता प्रति कठ्ठा | | एक विघा सम्म रु.५००।- सो भन्दा वढी भएमा रु. १०००।- |
| २१ | नीजी धारा विद्युत टेलिफोन जडान सिफारिश | | २०० ।- |
| २२ | चाल चलन सम्वन्धी सिफारिस | | १५०।- |
| २३ | व्यक्तिगत घटना दर्ता विलम्व शुल्क | (३५ दिन सम्म निशुल्क) | ५० ।- |
| २४ | विवाह प्रमाणीकरण स्वदेशी दुलही संग | | ५०० ।- |
| २५ | विदेशी दुलही संग | | ८०० ।- |
| २६ | अविवाहित प्रमाणिकरण | | ५००।- |
| २७ | सडक दूरी प्रमाािणत | | १५० ।- |
| २८ | जन्मस्थान, जन्ममिति प्रमाणीत | | १५० ।- |
| २९ | नाता प्रमाणित | | २०० ।- |

| सिं.न. | सेबाको किसिम | | रकम रु. |
|---|---|---|---|
| ३० | जिवित रहेको सिफारिश | | ३००।- |
| ३१ | बसोबास र घर पाताल प्रमाणित( सर्जमिन समेत) | | ५०० ।- |
| ३२ | हकवाला वा हकदार प्रमाणित सर्जमिन समेत | | ५००।- |
| ३३ | संरक्षक प्रमाणित, संस्थागत र व्यक्तिगत संरक्षक सिफारिश | | ३००।- |
| ३४ | फरक फरक नाम,थर, जन्ममिति प्रमाणित तथा दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिश | | १५०।- |
| ३५ | नाफा मुलक संस्था दर्ता सिफारिश | | १००० ।- |
| ३६ | सेवा मुलक संस्था दर्ता सिफारिश | | ५०० ।- |
| ३७ | नीजी विद्यालय संचालन सिफारिस | | आधाारभूत तह १००० ।- |
| | | | माध्यमिक तह २००० ।- |
| ३८ | नीजी विद्यालय कक्षा थप सिफारिस | | आधारभूत तह ५०० ।- |
| | | | माध्यमिक तह रु १००० ।- |
| ३९ | विद्यालय ठाउंसारी सिफारिश | | ५००।०० |
| ४० | ठुला उद्योग स्थापाना सिफारिस | | २००० ।- |
| ४१ | मझौला उद्योग स्थापाना सिफारिस | | १०००।- |
| ४२ | साना उद्योग स्थापाना सिफारिस | | ५००।- |
| ४३ | उद्योग धन्दा नामसारी ठाउसारी सिफारिश | | १०००।- |
| ४४ | जीर्ण रुखको हांगा विंगा छांटकांट स्वीकृती | | १५० ।- |
| ४५ | नेपाली पेन्सन पटा सम्वन्धी सिफारिस | | २०० ।- |
| ४६ | भारतीय पेन्सन पटा सम्वन्धी सिफारिस | | ५०० ।- |
| ४७ | अन्य मुलुकको पेन्सन पटा सम्वन्धी सिफारिस | | ७०० ।- |
| ४८ | अपुताली संवन्धी सिफारिस | | १००० ।- |
| ४९ | अंग्रेजी माध्यममा सिफारिश तथा  प्रमाणित | | ३०० ।- |
| ५० | अशक्त, अपांग, प्रकोप पिडित,स्वास्थ्य उपचारको सिफारिश तथा किसानका लागि मल विउको सिफारिश | | निशुल्क |
| ५१ | आय प्रमाणित ५,००,००० लाख सम्म | | ५०० ।- |
| | त्यसपछि रु १०,००,००० ।- सम्म | | १००० ।- |
| | १०००००० ।-देखि माथि १५००००० ।- लाख सम्म | | १५०० ।- |
| | १५००००० ।- देखि २०००००० ।-सम्म | | २००० ।- |
| | सोभन्दा माथि | | २५०० ।- |
| | विद्यार्थीहरुको प्रयोजनका लागि आय प्रमाणित | | २००।- |
| ५२ | जग्गा मूल्यांकन | | १ लाख देखी ५ लाख सम्म रु. ५००।-<br>५लाख देखी १० लाख सम्म रु. १०००।-<br>१० लाख भन्दा माथी भएमा रु.२०००।- |
| ५३ | पेट्रोल पम्प स्थापना सिफारिश | | २०००।- |
| ५४ | व्यक्तिगत घटना दर्ताको प्रतिलिपि | | १००।- |